मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

कोरोना : के हो, के होइन ?: पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३१२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज २७ गते मंगलवार (Tuesday, October 13. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-



## नसर्ने रोग भयावह बन्दै



**झापा, असोज २६।** नेपालमा नसर्ने रोगको अवस्था भयावह बन्दै गएको विज्ञहरुको निष्कर्ष छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले आयोजना गरेको दोस्रो विश्व ज्ञान सम्मेलनका अवसरमा आयोजित 'लाइफ एण्ड हेल्थ साइन्स' विषयक कार्यक्रममा विज्ञहरुको छलफलबाट नेपालमा नसर्ने रोगको अवस्था निकै चुनौतिपूर्ण रहेको निष्कर्ष निक्लिएको हो।

कार्यक्रममा डा. अभिनभ वैद्यले मधुमेह, मुटुरोग, उच्च रक्तचाप, क्यान्सर, हृदयाघात, मष्तिस्काघात, अम्लपित्त, मिर्गौला खराबी, दम, माइग्रेन, डिप्रेशन, मोटोपना आदि नसर्ने रोगहरुले नेपालमा भयावह अवस्था लिँदै गएको उल्लेख गरे। यी रोगबाट ४० वर्षभन्दा मुनि उमेरका युवावर्ग बढी प्रभावित भएको बताउँदै उनले रोगबाट बच्न सोच्नुपर्ने बेला आएको उल्लेख गरे। चालीस वर्षभन्दा कम उमेरका ३७.९ प्रतिशत युवा सर्ने रोगबाट प्रभावित बनेको डा. वैधले जानकारी दिए।

डा. सरोज निरौलाले विश्वमा वार्षिक १० लाख मानिसले क्यान्सरका कारण ज्यान गुमाउने गरेको बताए। क्यान्सरबाट ज्यान गुमाउनेमा ७० प्रतिशत निम्न तथा मध्यम आय भएका मुलुकका मानिस रहेको उनले उल्लेख गरे। नेपालमा पनि क्यान्सरका रोगी बढ्दै गएको बताउँदै उनले नसर्ने रोग क्यान्सरबाट बचाउन जीवनशैली तथा खानपानमा ध्यान दिनुपर्ने उल्लेख गरेका छन्। धुलो, धुँवा, विकिरण रसायनको प्रयोग, विषाक्त खानेकुराले क्यान्सरको जोखिम बढेको बताउँदै स्वस्थ जीवनशैली नै क्यान्सरसँग लड्ने पहिलो आधार भएको उनले उल्लेख गरे।

(बाँकी अन्तिम पृष्ठमा)

# झापा 'रेड जोन'मा

**झापा, असोज २६।** कोरोना भाइरस बढिरहेका बेला झापा पनि रेड जोनमा परेको छ। सोमबार सक्रिय संक्रमितको संख्या दुई सय नाघेसँगै झापा रेड जोनमा परेको हो।

नेपालमा कोरोनाभाइरस तीव्र गतिमा फैलिरहेको छ। २ सयभन्दा बढी संक्रमित भएका जिल्लालाई रेड जोनमा राखिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख डा.वासुदेव पाण्डेका अनुसार पाँच सयभन्दा बढी संक्रमित भएका जिल्लालाई प्राथमिकता दिएर योजना बनाइएको छ।

झापामा संक्रमितको संख्या बढ्दै जाँदा समेत स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएको पाइँदैन्। भीडभाड बढ्दै गएको तथा स्वास्थ्यको मापदण्ड नअपनाएका कारण झापामा कोरोनाको संक्रमण बढ्दै जाने भन्दै चिकित्सकहरुले चिन्ता ब्यक्त गरेका छन्। यसैबीच आइतबार अहिलेसम्मकै सर्वाधिक ५५ जना संक्रमित भएकोमा सोमबार भने ११ जनामा मात्रै कोरोनाको संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । झापामा दुई सय २० जना संक्रिय संक्रमित रहेका छन् भने १२ जनाको मृत्यु भइसकेको स्वास्थ्य कार्यालयले जनाएको छ।

यस्तै बिर्तामोड नगरपालिकाका तीनवटा वडा कार्यालयको सेवा सोमबारदेखि तीन दिनका लागि बन्द गरिएको छ। कोरोना संक्रमितका परिवारका सदस्य कार्यालयमा आएको र अरु व्यक्तिसँग घुलमिल गरेको जनाउँदै ती वडाका दैनिक कामकाज बन्द गरिएको हो।

बिर्तामोड नगरपालिकाको ७, ८ र ९ नम्बर वडाको संयुक्त वडा कार्यालय गरामनी बजारमा रहेको छ। संक्रमितका परिवारका सदस्य कार्यालयमा आएको खुलेपछि तीन दिनका लागि कार्यालय र सेवा बन्द गरिएको बिर्तामोड -९ की वडाध्यक्ष पवित्रा पाठकले जानकारी दिइन्। विराटनगरको नोवेल हस्पिटलमा मिर्गौला सम्बन्धी समस्याको उपचार गराइ रहेका बिर्तामोड -९ का एक व्यक्तिलाई आइतबार साँझ कोरोना संक्रमण पुष्टि भएको हो।

राष्ट्रिय परिचयपत्र बनाउन विवरण संकलनको काम



### कोरोना कहर

चलिरहँदा संक्रमण पुष्टि भएका व्यक्तिका परिवारका सदस्यहरु आइतबार दिउँसो संयुक्त वडा कार्यालय गएका थिए। नगरपालिकासँगको समन्वयमा कन्ट्याक्ट ट्रेसिङसम्मका लागि कार्यालय बन्द गरिएको वडाध्यक्ष पाठकले जानकारी दिइन्। संक्रमण पुष्टि भएका ती व्यक्तिलाई शुरुमा बिर्तामोडको बिएण्डसी हस्पिटल लगिएको थियो। त्यहाँबाट उनलाई विराटनगर लगिएको थियो। विराटनगरबाट घर आइसकेका ती व्यक्तिको नोवेलमा गरिएको परीक्षणमा संक्रमण पुष्टि भएको हो।

संक्रमित व्यक्तिलाई अहिले मेची प्रादेशिक अस्पताल भद्रपुरको आइसोलेसनमा राखिएको छ। संक्रमितका परिवारका सदस्य, छिमेकी, वडा कार्यालयमा आएका सेवाग्राही, जनप्रतिनिधि, कर्मचारी लगायतको कन्ट्र्याक ट्रेसिङ गरिने जनाइएको छ। तीन वटै वडाका वडाध्यक्षद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ- बुधबारसम्मका लागि वडाका सम्पूर्ण कामहरु बन्द रहनेछन्।

यसैबीच नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमित निको हुने दर पछिल्लो समय घट्दै गएको छ। केही समय अघिसम्म कोरोना संक्रमित निको हुने

(बाँकी अन्तिम पृष्ठमा)

## सुनसान अध्यागमन

**झापा, असोज २६।** कुनै समय अध्यागमन कार्यालय काँकरभिट्टाका कर्मचारीलाई विदेशी पर्यटकलाई भिजा दिन भ्याई नभ्याई हुन्थ्यो। विभिन्न देशका नागरिक नेपाल प्रवेश गर्न र नेपालबाट अन्य देश जान भिजा प्रक्रियाका लागि अध्यागमन कार्यालयमा भीड नै लाग्ने गरेको थियो।

पर्यटन कार्यालयका कर्मचारीलाई पैदल मार्ग भएर नेपाल प्रवेश गर्ने र नेपालबाट बाहिरिनेलाई 'एराइवल र डिपार्चर' को प्रक्रिया मिलाउन भ्याई नभ्याई हुने गरेको थियो। तर, गत वर्षको चैत यता अध्यागमन कार्यालयका कर्मचारी फुर्सदिला भएका छन्। कोरोना भाइरसको बढ्दो संक्रमणका कारण सरकारले सीमा नाकाशील गर्ने निर्णय गरेसंगै पर्यटक आवागमन ठप्प हुँदा अध्यागमन कार्यालय सुनसान बनेको हो।

सरकारले सन २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरेपछि त्यसको तयारीमा जुटेको अध्यागमन कार्यालय कोरोनाको संक्रमण सँगै सुनसान प्राय छ। अहिले एक दुई जना बाहेक कोही पर्यटक भिजा प्रक्रियाका लागि नआउँदा कर्मचारीलाई दिन बिताउन नै मुस्किल हुने गरेको बताइन्छ।

पैदल मार्ग भएर पूर्वी नाका काँकरभिट्टाबाट सबैभन्दा धेरै पर्यटकको आवागमन हुने गरेको थियो। नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउन विभिन्न कार्यक्रमको आयोजना गरिरहेका बेला गत चैत महिनाबाट नेपालमा देखिएको कोरोना भाइरसका कारण भ्रमण बर्ष नै स्थगित गरेर सीमानाका ठप्प बनाएपछि पूर्वी नाकाबाट पर्यटक आवागमन ठप्प भएको हो। सन् २०१९ को अन्त्यमा चीनमा देखिएको



कोरोना भाइरस विश्वभर फैलिएसँगै नेपाल पनि प्रभावित भएको हो। मन्त्रिपरिषद्‌को बैठकले गत चैत पहिलो साताबाट नेपाल भारत तथा चीन सँगको सीमाना बन्द गरेको सरकारले हाल भारतसँगका १० वटा नाका मात्रै खुल्ला गरेर नेपाल आवतजावत गर्न दिएको छ।

पूर्वी नाका काँकरभिट्टाबाट नेपाली नागरिक भित्रिने तथा भारतीय नागरिक जाने क्रम रहेको अध्यागमन कार्यालय काँकरभिट्टाले जनाएको छ। सीमानाका बन्द भएसँगै पूर्वी नाका काँकरभिट्टाबाट विदेशी पर्यटन नेपाल प्रवेश नगरेको जनाइएको छ। अक्टोबर महिनादेखि मार्च महिनासम्म धेरै पर्यटक नेपाल भित्रिने गरेकोमा यो वर्ष कोरोना भाइरसका कारण सुनसान भएको बताइएको छ। पूर्वी नाकाबाट सबैभन्दा धेरै बंगलादेश, भुटान, अमेरिका, बेलायत, चीन, दक्षिण कोरिया लगायतका देशबाट पर्यटकहरु भित्रिने गरेका थिए।

सन २०१९ मा पूर्वी नाका हुँदै १२ हजार ३ सय ३९ जना पर्यटक नेपाल भित्रिएका थिए। ४ हजार ९ सय ३५ जना विदेशी पर्यटक सो नाका हुँदै वाहिरिएको

(बाँकी अन्तिम पृष्ठमा)

# राजगढमा 'एभरेष्ट सस्तो बजार'



**बिर्तामोड, असोज १६।** कोरोना भाइरसको कारण देखाउँदै बजारमा महंगी चुलिएका बेला दक्षिणी झापाको राजगढमा जिल्लाकै सस्तो बजार दावी गर्दै एक व्यक्तिले एक करोड ५० लाख रुपैयाँ लगानी गर्दै 'सपिङ मल' सञ्चालनमा ल्याएका छन्।

लामो समयसम्म बैदेशिक रोजगारीमा रहेर स्वदेश फर्किएका बाह्रदशी गाउँपालिका-२ का चान महमदले राजगढ बजारमा एभरेष्ट सस्तो बजारका नामबाट सपिङ मल सञ्चालनमा ल्याएका हुन्।

सबै प्रकारका उच्चस्तरीय सामग्री एउटै छानामुनि सुपथ मूल्यमा पाइने र अन्य ठाउँमा खरिद गरेको भन्दा कम मूल्यमा प्रदान गरिने सञ्चालक महमदको दावी छ।

सस्तो बजारका नामबाट सञ्चालनमा आएको सपिङ मलको उद्घाटन बाह्रदशी गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशीले गरेका थिए। सपिङ मलको उद्घाटन गर्दै अध्यक्ष राजवंशीले स्मार्ट सिटीका रुपमा विकास भइरहेको राजगढलाई सस्तो वजारले थप टेवा

(बाँकी अन्तिम पृष्ठमा)

## पत्रकार गाउँलेलाई मातृशोक



**झापा, असोज २६।** नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेलाई मातृशोक परेको छ।

उनकी ९३ वर्षीया आमा सोमादेवी कोइरालाको सोमबार निधन भएको हो। ललितपुरको खुमलटारस्थित निवासमा उनको निधन भएको हो। उनको पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिएको वरिष्ठ पत्रकार तीर्थ कोइरालाले जानकारी दिए।

**महासंघद्वारा दुःख व्यक्त**

(बाँकी अन्तिम पृष्ठमा)

## सूचना

**उपभोक्ताहरुमा अनुरोधः**

१) उपभोक्ता वस्तु खरिद गर्नुअघि अनिवार्य रुपमा वस्तुको मूल्य, उत्पादकको नाम एवम् ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्ने गरौं।

२) उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु वा सामान खरिद नगरौं।

३) वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं।

४) अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविक रुपमा बढी मूल्य लिई वा कम तौलका वस्तु विक्री गर्नु गैरकानूनी कार्य हो।

५) उपभोग्यवस्तुमा त्यस्ता त्रुटीहरु भेटिए पैसा नलाग्ने नम्बर ११३७मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिनेछ।

*'सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं।*

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## VACANCY ANNOUNCEMENT

A reputed manufacturing company is looking for following positions:

**OPEN TO:** All interested and qualified candidates
**POSITION:** General Manager
**Education qualification:** Bachelors in Management
**Experience:** Minimum 2 years experience in any management position
**Salary:** Negotiable
**Closing Date:** Contact within 7 days
*Interested candidate please send CV at* ***sales@mizajnepal.com***

## बाल्मीकि एजुकेशन फाउण्डेशन

### बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनसमा नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ।**

**समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि
**बाल्मीकि एजुकेशन फाउण्डेशन**
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

हाम्रो शहर बिर्तामोडमा देश तथा विदेशमा अति नै लोकप्रिय गोल्ड स्टार कम्पनीको आधिकारिक शोरुम खुल्यो।



यहाँ विश्व प्रशिद्ध गोल्ड स्टार कम्पनीका आकर्षक जुत्ता तथा चप्पलहरु विभिन्न साइजहरुमा शुपथ मूल्यमा उपलब्ध छन्।



**आर. के. इन्टरप्राइजेज**
मुक्तिचौक दुर्गामन्दिरबाट १५० मी.पूर्व काँकरभिट्टा रोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४०४२१, मो. ९८४२७१६७०७

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

शैक्षिक सत्र २०७७/०७८ का लागि CTEVT बाट सम्बन्धन प्राप्त **सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालयमा** भर्ना खुल्यो। SLC/SEE उत्तीर्ण ग्रेड A देखि E सम्मले फारम भर्न सक्नेछन्।

| | |
|---|---|
| मेडिकल ल्याव असिस्टेन्ट | १८ महिने |
| सिभिल सव ओभरसियर | १८ महिने |
| कृषि जे.टी.ए. | १८ महिने |
| भेटनरी जे.टी.ए. | १८ महिने |

फारम भर्ने अन्तिम मिति: २०७७ असोज २९ गते

**सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय**
बिर्तामोड-१, झापा (०२३-५४४१८८) अञ्जली हस्पिटल पूर्वउत्तर

९८०७९५८४४८- गोविन्द कार्की)
९८५२६७३५७८
९८१५०७०२४८ - सोमनाथ गौतम
९८५२६७४७२०
९८५२६७४५५० -नेत्र पाठक
९८५२६७९८८७ दीपेन्द्र निरौला

# रहिनन् राममाया



**बिर्तामोड, असोज २६।** वीरता जेसीज बिर्तामोडका वर्ष २००५ का अध्यक्ष प्रमेश हलवाईलाई मातृशोक परेको छ।

प्रमेशकी माता राममायाको आइतवार काठमाडौंमा ७८ वर्षको उमेरमा निधन भएको हो।

सामाजिक, साहित्यिक गतिविधिमा समेत सक्रिय राममायाका पति थिरबहादुरको वि.सं. २०६६ मा निधन भएको थियो। भोजपुरलाई कर्मक्षेत्र बनाएकी राममाया पछिल्लो दुई दशकभन्दा बढी समेदेखि बिर्तामोडमा बस्दै आएकी थिइन्। व्यवसायिक रुपले पनि अग्रणी रहेकी राममाया नेवाः पासा मुनः पुचकी पूर्व अध्यक्षसमेत हुन्।

स्व.राममायाका दुई छोरा बुहारी सुशील -दुर्गा, प्रमेश-अनिता र छोरीहरु तीर्थकुमारी, सूर्यकुमारी, शारदादेवी, सुभद्रा, दुर्गा, मञ्जु र सिर्जना लगायत २० नातिनातिना रहेका छन्।

सफल व्यवसायी जेसीज अभियानका अभियन्ता, उत्कृष्ट नागरिक सम्मान समारोह -२०७४ का संयोजक प्रमेश लगायत शोक सन्तप्त परिवारजनप्रति पूर्वाञ्चल दैनिक परिवार समवेदना प्रकट गर्दछ। साथै दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ।

## पत्रकार ...

यसैबीच नेपाल पत्रकार महासंघले महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेकी आमा सोमादेवी कोइरालाको निधनप्रति दुःख व्यक्त गरेको छ।

'महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेकी आमा सोमादेवी कोइरालाको दुःखद निधन भएकोप्रति महासङ्घ स्तब्ध भएको छ, दुःखको यस घडीमा पूर्वअध्यक्ष गाउँले र परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ'- महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

## राजगढमा ...

पुऱ्याउने धारणा राखे। राजगढलाई स्मार्ट सिटीका रुपमा विकास गरेर लैजाने भन्दा शुरुमा आँफूलाई खिल्ली उडाएपनि अहिले राजगढ विस्तारै स्मार्ट सिटीका रुपमा विकास भइरहेको अध्यक्ष राजवंशीको भनाइ छ। राजगढलाई स्मार्ट सिटीका रुपमा विकास गर्न चान महमदको पहिलो प्रयास भएको भन्दै सस्तो बजार सञ्चालक महमदलाई राजवंशीले धन्यवाद समेत ज्ञापन गरेका छन्।

विदेशको अनुभव संगालेर फर्किएकाले स्वदेशमा राम्रो सामग्री सुपथ मूल्यमा प्रदान गर्न कुनै कन्ज्युसाँई नगर्ने मल सञ्चालक महमदको भनाइ छ। जिल्लाकै सस्तो बजारका रुपमा आफ्नै ठाउँमा सपिङ मल सञ्चालनमा आएपछि स्थानीयवासी समेत हर्षित बनेका छन्। वजार सञ्चालनमा आएपनि राजगढ लगायत दक्षिण क्षेत्रका सर्वसाधारण किनमेलका लागि बिर्तामोड लगायतका अन्य बजार जानु नपर्ने पशुपति माध्यमिक विद्यालयका शिक्षक मोहनप्रसाद ओलीले बताए।

जिल्लाकै पुरानो वजारका रुपमा चिनिएको राजगढमा यस खाले मल यस अघि सञ्चालनमा नरहेकाले सबैलाई यसले फाइदा पुग्ने बिर्तामोड उद्योग वाणिज्य संघका सदस्य एजाज अहमद अन्सारीले बताए।

विदेशमा आर्जन गरेको ज्ञानलाई स्वदेशमा लगानी गर्दै सेवामूलक ढंगले अघि बढ्दा लगानीकर्ता मात्र होइन राजगढबासीसँगै दक्षिण क्षेत्रका सबैलाई फाइदा पुग्ने स्थानीय जगदीश घिमिरेले बताए।

यस अघि महमदले नै साढे चार करोड रुपैयाँ लगानी गर्दै स्मार्ट सिटीका रुपमा परिचित राजगढमा एभरेष्ट सिनेमाहल सञ्चालनमा ल्याएका थिए। राजगढलाई स्मार्ट सिटीको रुपमा विकास गर्न गाउँपालिकाले समेत विशेष गुरु योजना बनाएर अघि बढेको छ।

## झापा ...

दर ७४ प्रतिशत रहेको अवस्थामा यो घट्दै गएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार गरेको नियमित मिडिया ब्रिफिङका क्रममा प्रवक्ता प्राध्यापक डाक्टर जागेश्वर गौतमले संक्रमितहरु निको हुने दर घट्दै गएको जानकारी दिएका हुन्।

दक्षिण एसियामा नेपालको अवस्था अन्य देशको तुलनामा भयावह देखिएको छ। सार्कका अन्य राष्ट्रमा निको हुने दर बढेर सक्रिय संक्रमित घटिरहँदा नेपालमा भने ठीक उल्टो भइरहेको छ। असोज १४ सम्ममा नेपालमा ७३.१ प्रतिशत कोरोना संक्रमित निको भएका थिए। यो पनि दक्षिण एसियामै कमजोर थियो। तर डेढ हप्तामै यो अवस्था झन् खराब देखिएको छ। मन्त्रालय प्रवक्ता गौतमका अनुसार सोमबारसम्मको तथ्यांक हेर्दा निको हुने दरहरु घटेर ६९.१ प्रतिशतमा पुगेको छ। एक सातायता यो दर झन् घट्दै गएको छ। सोमबार मात्रै देशभर सक्रिय संक्रमित ३३ हजार ८८० पुगेका छन्। यस्तोमा डिस्चार्ज हुनेको अवस्था घट्दै गएको छ। पछिल्लो २४ घण्टामा ४ हजार ४७ जनालाई कोरोना पुष्टि हुँदा केवल १४ सय ७३ जना मात्रै निको भएर घर फर्किएका छन्।

पछिल्लो २४ घण्टामा १४ हजार ५ सय ३० वटा स्वाब नमूनाको पीसीआर गरिएको छ। केही दिनअघि १८ हजारको परीक्षण भएको थियो। पछिल्ला दिनहरूमा सरकारले परीक्षणको दायरा बढाउँदै लगेको छ। तर कोरोनामुक्त हुने दर भने केही दिनयता घटिरहेको छ। देशभर एक लाख ११ हजार ८ सय २ जनामा कोरोना संक्रमण भइसकेको छ।

असोजको पहिलो साता कोरोना संक्रमण हुनेभन्दा मुक्त हुने दर बढे पनि पछिल्ला केही दिनयता काठमाडौं उपत्यकालगायत शहरमा संक्रमण चुलिन थालेपछि कोरोनामुक्त हुनेको प्रतिशत घट्न थालेको हो। नेपालमा ७४ प्रतिशतसम्म संक्रमण मुक्त हुने दर पुगेको थियो।

लकडाउन निषेधाज्ञापछिका दिनमा बजार खुल्दा कोरोना जित्नेको संख्यामा कमी आएको छ। निको हुने दर कम हुने सार्क राष्ट्रको सूचीमा नेपाल पहिलो स्थानमा छ। पाकिस्तानमा ९५.४ प्रतिशत, श्रीलंकामा ९४.४ प्रतिशत, माल्दिभ्समा ८६.६ प्रतिशत, अफगानिस्तानमा ८३.२ प्रतिशत र भारतमा ८२.१ प्रतिशत रहेको छ। यस्तै भुटानमा ७५.३ प्रतिशत, बंगलादेशमा ७४.८ प्रतिशत संक्रमितहरु निको भएका छन्।

चाड पर्व नजिकिएसँगै कोरोना संक्रमितको संख्या बढ्दै गएपछि चाडपर्वको समयमा भयावह अवस्था आउन सक्नेतर्फ चिकित्सकहरुले सचेत हुन आग्रह गरेका छन्। तर, सर्वसाधारणले भने कोरोनाई वेवास्ता गर्दा स्थिति भयावह बन्न सक्ने सरकारले चेतावनी दिँदै आएको छ।

## सुनसान ...

अध्यागमन कार्यालयका सहायक नारायण गौतमले जानकारी दिए। सरकारले सन २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने निर्णय गरेसँगै पर्यटन कार्यालय र अध्यागमन कार्यालयले पूर्वी क्षेत्रमा प्रचार प्रसारका कार्यक्रमलाई अगाडि बढएपनि कोरोना भाइरसको संक्रमणका कारण भ्रमण वर्ष रद्द भएको र सीमा नाकाशील भएका कारण पर्यटक आवागमन शुन्य रहेको सहायक गौतमले जानकारी दिए।

पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको मार्च दोस्रो साताबाट सीमा नाकाबन्द भएपछि कोही विदेशी पर्यटक नेपाल नभित्रिएको अध्यागमन कार्यालयले जनाएको छ। पर्यटक नभित्रिँदा राजश्व समेत प्रभावित भएको छ।

## नसर्ने ...

मानसिक स्वास्थ्यको विषय महामारीभन्दा अगाडिदेखि नै उठेको बताउँदै उनले कोरोना महामारीका कारण यसको जटिलता बढेको उल्लेख गरे। उनले नेपालले कोरोना महामारीका कारण रोजगारी गुमाउँदा, लामो समयसम्मको बेरोजगारीका कारण कमजोर आर्थिक अवस्था तथा अभावका कारण अधिकांशको मानसिक स्वास्थ्यमा असर परेको बताए। मानसिक समस्याकै कारण मानिस आत्महत्या गर्ने अवस्थासम्म पुग्ने गरेको बताउँदै उनले पुरुषको तुलनामा ठूलो संख्यामा महिलाले आत्महत्या गर्ने उल्लेख गरे।

उनका अनुसार पैंतालीस प्रतिशतसम्म महिलाले आत्महत्या गर्ने प्रवृत्ति देखिएको छ। मानसिक समस्याबाट बच्नका लागि सकारात्मक सोच, स्वस्थ जीवनशैलीमा ध्यान दिनुपर्ने उनको भनाइ छ।

डा. कृष्णबहादुर थापाले बालबालिकामा जन्मजात देखिने डिस्लेक्सियाको प्रभाव बढ्दै गएको बताए। विश्वमा विद्यालय जाने अवस्थाका तीन देखि १९ प्रतिशत बालबालिकामा यस्तो समस्या रहने अध्ययनले देखाएको बताउँदै उनले नेपालको सन्दर्भमा पनि बालबालिकामा यस्तो समस्या बढ्दै गएको जानकारी दिए। सचेतनाको अभावले नेपालमा यस्तो रोग लागेका बच्चाका लागि छुट्टै शिक्षा प्रणालीको व्यवस्था गर्न नसकिएको उनको भनाइ थियो।

"डिस्लेक्सिया भएका बच्चा अरु सामान्य बच्चाभन्दा फरक हुन्छन्। उनीहरु शुद्ध उच्चारण गर्न नसक्ने तथा एकदमै ढिलो अध्ययन गर्ने हुन्छन्। दायाँबायाँ छुट्याउन नसक्ने हुँदा उनीहरु स्मल बी र डीलाई एउटै देख्छन्। जसले पनि अध्ययनमा अप्ठ्यारो हुन्छ"- उनले भने। यस्ता बालबालिकाको अवस्था अनुसार पेडागोजी तयार गरी सोही अनुसार डिस्लेक्सिया भएका बालबालिकालाई सिकाइ प्रणाली लागू गर्न राज्यले पनि ध्यान दिनुपर्नेमा उनले जोड दिए।

प्रा. डा. अञ्जना सिंहले नेपालमा डेङ्गु भाइरसको प्रभावका सम्बन्धमा कार्यपत्र प्रस्तुत गरेकी थिइन्। डेङ्गु एडिस जातिका एजिप्टाइ र अल्बोपिक्टस पोथी लामखुट्टेको टोकाइबाट लाग्ने उनले बताइन्। नेपालमा २००४ सालमा डेङ्गु देखिएको बताउँदै उनले नेपालमा डेङ्गु सङ्क्रमण बढ्दै गएको उल्लेख गरिन्।

'डेङ्गु एउटा मानिसबाट अर्को मानिसमा सर्दैन र यो तब मात्र सर्छ जब एउटा लामखुट्टेले सङ्क्रमित मानिसलाई टोक्छ र त्यो लामखुट्टेमा भाइरस विकास भएर त्यो लामखुट्टेले अर्को स्वस्थ मानिसलाई टोक्छ''- उनले भनिन्।

पूर्व स्वास्थ्य सचिव डा. सुधा शर्माले एनआरएनएले यो महामारीको समयमा आयोजना गरेको लाइफ एण्ड हेल्थ साइन्स विषयक कार्यक्रम निकै महत्वपूर्ण भएको बताइन्।

उनले नेपालमा अर्टिजम डिस्लेक्सिया लगायत मानसिक रोग, मुटु रोग, क्यान्सर, डेङ्गुलगायत नसर्ने रोगको जोखिम बढ्दै गएको बताउँदै न्यूनीकरणका लागि राज्यसँगै सम्पूर्ण सरोकारवालाको सहकार्य आवश्यकता भएको औंल्याइन्। डा. कृष्ण काफ्लेले नेपालको मध्यपहाड मानव, वन्यजन्तुबीचको द्वन्द्व क्षेत्रदेखि जुनोटिक रोगहरुको उच्च जोखिम क्षेत्र बन्दासम्मको परिवर्तन विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।



GREEN FIELD WORLD SCHOOL
Birtamode-1, Jhapa, Nepal


Admission Open
From
Nursery to Grade IX

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np



# सूचना ! सूचना !! सूचना !!!

**कोभिड-१९को कारणले पाउ पाथीभरा धामको बार्षिक साधारणसभा तथा अधिवेशन ६ महिनाभित्रमा गर्ने गरी हाललाई स्थगन गरिएको ब्होरा सम्पूर्ण भक्तजन, आजीवन सदस्य, संस्थागत सदस्यहरुमा यसै सूचनाद्वारा जानकारी गराइन्छ।**

**पाउ पाथीभरा धाम चारआली**

९८५२६६६६६५, ०२३-४६०३०४



# बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



# आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन्।

**सम्पर्क : ९८५११४४९४९**



# कर्मचारी आवश्यकता

यस द एभरेष्ट बचत तथा ऋण सहकारी संस्थालाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**क) पदः बजार प्रतिनिधि** संख्याः केही
मोटरसाइकलको लाइसेन्स भएको, कम्प्युटरको ज्ञान भएको, पुरुषलाई पहिलो प्राथमिकता

**ख) कर्जा सहायकः १ जना** योग्यताः वीवीएस वा सो सरह
मोटरसाइकलको लाइसेन्स भएको, कम्प्युटरमा दक्ष

**आवश्यक कागजातः**
१) नागरिकताको फोटोकपी
२) लाइसेन्सको प्रतिनिधि
३) शैक्षिक योग्यताको प्रतिलिपि
४) कम्प्युटर सिकेको प्रमाणपत्र
५) २ थान पीपी साइजको फोटो

**फर्म भर्ने अन्तिम मितिः २०७७।०६।३०**

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था**

बिर्तामोड, झापा (०२३-५४३१४७, ९८०१५४२५७५)


## बिर्तामोड नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल

# प्रेस विज्ञप्ति

**मिति : २०७७।०६।२५**

बिर्तामोड नगरपालिकाले नगरलाई बिषादिमुक्त नगर बनाउने अभियान अन्तर्गत कृषि क्षेत्रको प्रवर्द्धन र विकासका निम्ति योजनाबद्ध रुपमा अगाडि बढिरहेको सर्वबिदितै छ। नगरपालिकाले पूर्वाधारयुक्त नगर, बिषादिरहीत कृषि र व्यवसायको अभिबृद्धि, सभ्य र स्वस्थ्य बिर्तामोड नगरपालिकाको समृद्धि भन्ने मूल नारा तय गरेर कार्य गरिरहेको छ।

नगरपालिकामा वर्तमान नेतृत्व आइसकेपछि तय गरिएका बिभिन्न कार्यक्रम र योजनामा कृषि, पशुपालन, पूर्वाधार विकास, सञ्चार, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा गरिएका काम र त्यसको प्रगतिले नगरको मुहार परिवर्तन हुँदै गइरहेको छ। यसै परिप्रेक्षमा गत २०७७ साल असोज १५ गते बसेको नगरपालिकाको बोर्ड बैठकले बिर्तामोड नगरपालिकालाई बिषादिमुक्त नगर बनाउने अभियानलाई साकार पार्न कृषिजन्य उत्पादनको सन्दर्भमा बिशेष निर्णय गरेको छ।

जस अन्तर्गत यस क्षेत्रका किसानहरुको माग अनुरुप उनीहरुले उत्पादन गरेका बिषादिरहीत माछाको बजारीकरण गर्नका लागि सडेगलेका माछाको बिक्रीमा रोक लगाउने बारेको निर्णय नगर कार्य पालिकाको बैठकले सर्वसम्मतरुपमा गरेको हो।

यस निर्णयबारेमा केही दिन यता बिभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा अनेकन् भ्रमयुक्त भनाई र टिप्पणी आइरहेको पाइएकाले यसबारे प्रष्ट पार्नु आवश्यक ठानी यो बिज्ञप्ति जारी गरिएको छ। नगरपालिकाले कसैलाई मर्का पार्ने उद्देश्य नराखी नगरबासी तथा अन्य उपभोक्ताको स्वास्थ्यलाई ख्यालमा राखेर यो निर्णय गरिएको स्पष्ट पार्न चाहन्छौं।

नगरपालिकाले नगरलाई बिषादिमुक्त राख्ने अभियान अन्तर्गत कृषि थोक बजारस्थलमा बिषादि परीक्षण गर्ने ब्यबस्था मिलाएको छ। कृषिथोकमा बाहिरबाट आउने सबै तरकारी र फलफूलको नियमित चेकजाँच गर्ने ब्यबस्था मिलाई नगरबासीलाई स्वच्छ र अर्ग्यानिक साग, सब्जी र कृषिजन्य उत्पादन पुर्याउने अभियान अगाडि बढाइएको छ।

तसर्थ, नगरपालिकाले गरेको यो निर्णयमा कुनै अन्यौल सिर्जना नगर्न र नगरबासी तथा अन्य उपभोक्ताको स्वास्थ्यमाथि ख्याल गरेर गरिएको निर्णयको अक्षरशः पालना गर्न नगरपालिका सबैमा आह्वान गर्दछ।

**अग्निप्रसाद पाण्डेः प्रवक्ता**


पानीटंकी भारतको सेवा कांकरभिट्टाबाट

# निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा १०% छुट गरिएको छ।




सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटरसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड


# श्रद्धाञ्जलि/समवेदना




## स्व. राममाया हलवाई

हाम्रा सदा शुभकांक्षी, बिर्तामोडका सफल व्यवसायी, चेण्डेश्वर बासा पसका सञ्चालक श्री प्रमेश्वर हलवाईकी ममतामयी माता राममाया हलवाईको यही मिति २०७७ असोज २५ गते भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् दुःखी बनाएको छ। दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

साथै शोकको पीडादायी क्षणमा रहनु भएका सम्पूर्ण परिवारजनमा शोक सहन गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै समवेदना प्रकट गर्दछौं।

**कन्हैयालाल बैद**

**विजय मेटल इण्डष्ट्रिज प्रा.लि. परिवार**

नेपालगञ्ज

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सतर्कता र अनुगमनको खाँचो

**कोभिड–१९ रोकथाम र नियन्त्रणमा सरकार अक्षम भएका कारण मुलुकको अवस्था झन्–झन् डरलाग्दो बन्दैछ । कोभिड–१९ को प्रारम्भ विन्दुको देश चीनलाई नेपालले आजका दिनसम्म आइपुग्दा उछिनेर निक्कै माथि पुगिसकेको छ । त्यसमा पनि जनघनत्व बढी भएका शहरहरु कोभिड–१९ को 'हट स्पट' बनिएका छन् । देशको सर्वाधिक बसोबास भएको राजधानी भाइरस उत्पादन र विस्तार गर्ने केन्द्र जस्तै बनिएको छ । यही दर र गतिमा संक्रमण बढ्दै र फैलिँदै जाने हो भने परिणाम नसोचेको हुनसक्छ । यसतर्फ स्वास्थ्य मन्त्रालय र सरकार गम्भीर देखिएकै छैन जसले परिस्थिति नियन्त्रण बाहिर जाने निश्चित जस्तै भएको छ ।**

**अहिलेसम्म पहिचान भएका संक्रमितको एक तिहाई काठमाडौं उपत्यकाकै छन् । सरकारले आवागमनलाई प्रभावकारी ढंगले अनुगमन र आवश्यक कडाइ नगर्दा कोभिड–१९ को प्रकोप अनियन्त्रित बन्दै गएको हो । आज पनि थपिने संक्रमितहरुको संख्यामा आधाजसो काठमाडौं उपत्यकाकै छन् । संक्रमित मध्ये गम्भीर प्रकृतिका विरामीहरु पनि काठमाडौं मै बढी छन् । विरामीका लागि छुट्याइएका विशेष अस्पतालहरु बेड भरिभराउ छन् । सघन उपचार कक्ष र अझ भेन्टिलेटरको अभाव भइसकेको छ । पहुँच नभएका विरामीलाई अस्पताल पाउनै गाह्रो छ, थप उपचार गर्नुपर्ने अवस्थामा न शय्या उपलब्ध छ न सघन उपचार कक्ष न त कुनै विकल्प नै । भएका शय्या र सेवाहरु पाउन कि उच्च पदस्थ अधिकारी, ठूलो राजनीतिकर्मी हुनु पर्‍यो कि त उनीहरुको आफन्त अथवा 'गोजीका मान्छे' ।**

**कोभिड–१९ को प्रकोप विश्व स्वास्थय संगठनकै कुराले पनि तत्काल समाप्त हुने छैन । खोप आविष्कार गरेको भनिए पनि त्यसको उपयोग परिणाम र हामीकहाँ पहुँचको कुनै ग्यारेन्टी छैन । सरकारले शुरुमा गम्भीरतापूर्वक नलिएकै कारण महामारीका रुपमा फैलिएको कोभिड–१९ बाट जोगिन नागरिक आफैं सचेत नहुने हो भने दुष्परिणाम भोग्न तयार हुनुको विकल्प पनि छैन । बढ्दो संक्रमणलाई नागरिकले अझैसम्म गम्भीरतापूर्वक लिएको देखिँदैन । अनावश्यक भीडभाड बढ्दो क्रममा छ, दशैं, तिहार मुखमै आइसकेको छ । त्यसको पनि भीड देखिन थालिसकेको छ । यसले जोखिम नियन्त्रणमा आउन दिँदैन । नागरिक नै हुन् जो प्रभावित हुन्छन्, उपचार पाउँदैनन् र क्षति व्यहोर्न बाध्य हुन्छन् । यस्तोमा स्वयम्को जागरण सबैभन्दा प्रभावकारी उपाय हुनसक्छ कोभिड–१९ नियन्त्रणको । तर, यसक्रममा सरकार पैसा नपर्ने उपदेशक मात्र बन्नु हुँदैन । आइसोलेसनदेखि उपचार कक्ष बिस्तार गर्ने, नागरिकलाई आश्वस्त पार्ने उपकरण थप्ने काम सरकारको प्राथमिकता हुनुपर्दछ । अन्यथा 'जंगलको आगो' सरहको कोभिड–१९ को प्रकोपले कमवेस सबैलाई पोल्छ ।**

## उपभोक्ताको बोली

# अब उपभोक्तासँग व्यापारी र कर्मचारी डराउनु पर्छ



राजु गौतम

कैयौं संघर्ष, बलिदानबाट यो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र आयो । तर, आम उपभोक्ता वर्गले त्यसको अनुभूति गर्न पाएका छैनन् । अहिले व्यापारी/विक्रेतासँग उपभोक्ता/क्रेता डराइरहेको, डराउनुपर्ने अवस्था छ । सेवादायी निकायका कर्मचारीको हप्की-दप्की, धुर्त्याइँ, ढिलासुस्ती, कप्ट्याईले सेवाग्राही डराउनु परेको अवस्था छ । यो व्यवस्था के यसकै लागि हो । किन विधि, प्रक्रिया अनुसार चल्दैन कोही ?

अब आम नागरिक/उपभोक्ता जागरूक हुनुपर्छ/जुट्नुपर्छ/खबरदारी गर्नुपर्छ । उपभोक्ता/क्रेतासँग व्यापारी/बिक्रेता डराउने वातावरण सिर्जना गर्नुपर्छ । कर्मचारी वर्गले सेवाग्राही नागरिकसँग डराउने, उनीहरूलाई सम्मान गर्ने अवस्थाका लागि सबै लाग्नुपर्छ ।

अर्को कुरा उपभोक्ता ठगिएका गुनासो गर्ने नि:शुल्क नम्बर छैन, यसको व्यवस्था हुनुपर्थ्यो । गुनासो आएपछि तत्काल सुनुवाई गरी तत्काल स्थलगत कारवाहीको व्यवस्था गर्नुपर्छ । उपभोक्ताको हित संरक्षण गर्न नियमित बजार अनुगमन गरिनुपर्छ न कि चाडपर्व लक्षित । बजारमा म्याद गुज्रिएका वस्तुको बिक्री, चर्को मूल्य वृद्धि, मिसावट जस्ता उपभोक्ता ठग्ने आपराधिक काम भइरहेको गुनासो बडेको छ । उपभोक्ताको स्वास्थ्यप्रति गम्भीर खेलबाड गरिएका समाचारहरू दैनिक आइरहेका छन् । त्यसतर्फ नियमनकारी निकायको तत्काल ध्यान जाओस् ।

*(उपभोक्ता हित संरक्षण मञ्च नेपाल बिर्तामोडका सचिव गौतमले २०७७/६/२३ मा संवाद समूहमा भएको झापाका उपभोक्तावादी संस्थाबीचको छलफलमा व्यक्त गरेको विचार ।)*

# कसैले नदेखेको स्वर्ग



उदय मैनाली

म सानो छँदादेखि नै गाउँघरका ज्येष्ठ नागरिक तथा धार्मिक कार्य गरेर जीविकोपार्जन गर्ने पण्डित, पुरोहितहरुले भन्ने गरेको मानिस मरेपछि स्वर्ग वा नर्कमा जान्छ भन्ने कुराले मनको कुनामा स्थायी डेरा गरेर बसेको थियो। अझ उनीहरुले भने जस्तो पुण्य गरे स्वर्ग जाने बाटो भेटिन्छ र पाप गरे नर्क जाने भन्ने विषयले त मेरो जीवनको सबै पाटोमा शासन नै गरेको थियो।

मानिसको मृत्युपछि उसले जीवनभर गरेको पाप र पुण्यको लेखाजोखा चित्रगुप्तले गरेपछि पापकोभन्दा पुण्यको पल्ला भारी भएमा स्वर्ग जाने र उल्टो भए नर्क जाने कुराको प्रसङ्ग बुवाका नियमित पुरोहितबाट हरेक पटकको जजमानी गर्न घरमा आउँदा सुनाउनु हुन्थ्यो। त्यस्तै हजुरबा र हजुरआमाले पनि धेरै पटक स्वर्ग र नर्कका विषयमा शास्त्र र विभिन्न धार्मिक पुस्तकमा लेखिएका कथा र कहानीको वाचन गरेर



घरमा सुनाउनु हुन्थ्यो। यस्तै वातावरणमा हुर्किएको मेरो बाल्यकालमा भर्खर-भर्खर गाउँघरमा ब्याट्रीबाट चल्ने सादा टेलिभिजन भित्रिएको थियो। त्यो पनि एउटा गाउँमा हुनेखानेका एक दुई घरमा मात्र हुन्थे। अनि त्यो बेला भारतीय राष्ट्रिय च्यानल दूरदर्शनबाट विभिन्न धार्मिक टेलिभिजन सिरियलहरु कृष्णलीला, महाभारत, रामायणहरु आउने गर्थे। घरपरिवारको धार्मिक कुराबाट मनभरी भरिएका प्रश्नका उत्तर धेरै हदसम्म ती धार्मिक सिरियलमा देखाएका दृश्यबाट लिने गर्थे। कतिसम्म भने कहिले काँही त साथीभाइ भेला भएर तीर धनुषकाण बनाएर कुरुक्षेत्र झैं कौरव, पाण्डव युद्धको नक्कल गर्ने गर्थ्यौं।

स्वर्गका राजा इन्द्र अनि त्यहाँको वातावरणको कल्पना गर्दै जीवनभर पुण्यका काम गरेर मरेपछि त्यहाँ जाने बालस्वप्न देख्ने मेरा यी अबोध आँखाहरु आज आएर यदी त्यसरी नै स्वर्ग र नर्क हुने भए, मैले बालापनमा सुनेका र देखेका कथा र नाटक जस्तै भगवान हुने भए भगवानले सृष्टि गरेका भनिएका हामी मानवले मानवमाथि नै अन्याय, अत्याचार, बलात्कार, थिचोमिचो र पापी भावना किन गर्थ्यौ ? पापका घटनाले मिनेट-मिनेटमा मानवको जीवन संकटमा पारिरहँदा पनि भगवान यदि हुन्थे पनि तिनलाई चुप लागेर बस्न के ले बाध्य बनाएको होला ? त्यसैले अहिले आएर लाग्छ कसैले नदेखेको स्वर्गबाट भगवानलाई अनगिन्ती प्राणीजगतको खोजखबर र लेखाजोखा राख्न झन्झटिलो र झर्कोलाग्दो पो भयो कि ? स्वर्गलोक व्यवस्थापन गर्न अप्ठ्यारो पो पर्‍यो कि ?

हिन्दू धर्मका धर्म शास्त्रले व्याख्या गरे जस्तो स्वर्गलोक, शिवलोक, ब्रम्हलोक, विष्णुलोक, मर्त्यलोक, पाताललोकको स्वरुप वास्तव मै शास्त्र अनुसार र मलाई धर्मका कुरा सुनाउने बमोजिम हुने भए धर्म धेरै गरेर मृत्युवरण गरेका व्यक्तिहरुलाई कुन लोकमा लैजाने भन्ने निधो कसरी लाग्दो होला ? कि मानव चोलाले जति नै धर्म गरे पनि स्वर्गभन्दा अन्यत्र लोक र स्थानमा जान नपाउने हो ? मलाई मेरी हजुरआमाले भन्नुहुन्थ्यो- शिव भगवान कैलाशमा बस्नु हुन्छ, विष्णु महासागरको बीचमा शेष नागमा शयन गर्नु हुन्छ, अनि ब्रम्हा आकाशमा कमल फूलमा विराजमान हुनुहुन्छ। त्यसपछि म मनमनै सोच्थे यदि हाइकिङ्ग गर्दै हिमालतिर जाने हो भने त शिव भगवानलाई भेटिने रहेछ, सागर महासागर तिर पानीजहाज तरेर जान पाए त विष्णु भगवनालाई भेटिने रहेछ, रकेट चढेर अन्तरिक्षतिर जाँदा त ब्रम्हाजीलाई भेटिने रहेछ। तर, मेरो बालापनका ती कलिला मष्तिस्कका कमजोर प्रश्नको जवाफ वास्तव मै अव्यक्त रहेछ कि ? भगवानका ती स्वरुपको वर्णन वास्तवमा मान्छेले सदियौंदेखि सुल्झाउन नसकेको रहस्यको पोको नै रहेछ।

उमेर बढ्दै जाँदा विज्ञानका केही पुस्तक पढेका कौतुहल मष्तिस्कले भूतकालमा सुनेका धार्मिक प्रसङ्गलाई खेद्न थाल्यो। ती विज्ञानले त भगवान नहुँदा पनि सृष्टि सम्भव हुने तर्क गर्न थाले। अब भगवान अनि स्वर्गलोकको इति वृतान्त सुनेका यी कानले विज्ञानका सिद्धान्त र तर्कलाई विश्वास गर्ने कि नगर्ने ? तर, ताजुब लाग्दो कुरो चाहिँ विज्ञानले भने झैं शून्यबाट आएका तारा, ग्रह, उपग्रह हुन भने कुनै एउटा अणु, परमाणु, तापक्रम, जीवन बन्न चाहिने पदार्थहरु समयको चक्रसँगै एकआपसमा नजिक आइपुगे र तिनमा एउटा अद्भूत नास्तिक चमत्कार भयो, जसले गर्दा निर्जिव पदार्थबाट सजिव पदार्थ बन्यो। यदि यो तर्कलाई हिन्दू शास्त्रसँग मिलाएर हेर्दा भगवानका पनि अवतारहरु भएका थिए। र, ती अवतारहरु पनि विज्ञानले भने झैं विकासक्रम मै भएका थिए। भगवानको पहिलो अवतार माछाको रुपमा समुद्रमा भयो, त्यसपछि पानी र जमिन दुबैमा बस्ने कछुवाको रुपमा भयो अनि बिस्तारै पूर्णरुपमा जमिनमा बस्ने बँदेल, आधा मानव, आधा जनावरको रुपमा नृसिंह, सानो मानवको रुपमा वामन र पूर्ण मानवको रुपमा पर्शुराम, कृष्ण, बुद्ध, राम, कल्कीहरुको भयो।

तसर्थ त यो पूर्वीय दर्शनको सनातन हिन्दू धर्मको विवेचना गरेर एउटा निक्यौंल निकाल्न यो युगको निकै लामो समय व्यतित हुँदा पनि कोही सक्षम भएका छैनन्। म जस्ता सानैदेखि महाभारत, रामायण, भागवत गीताका कथा सुन्दै आएका तथा स्वर्ग र नर्कका रसिला र कहालीलाग्दा कथन सुन्दै आएकाहरुलाई पश्चिमी शिक्षाको प्रचारबाट जीवन धान्न हिंडेका धेरै मनहरुले गरेका परस्पर विरोधी तर्क र खिचडी विचारले हिन्दूशास्त्रको गर्भमा रहेको रहस्य खोतलेर निक्यौंल निकाल्न कोही महामानव सफल नभइरहेको अवस्थामा कुनै अर्थ राख्दैन। यो विषय जति सोच्यो उति गहिरिँदै जान्छ, बुझेर बुझि साध्य छैन। जटिलको पनि महाजटिल छ। त्यसैले मानछे मर्ने अनि स्वर्ग जाने, नर्क जाने भन्ने सवालमा मलाई लाग्छ मानिस मरेपछि न त स्वर्ग जान्छ न त नर्क नै। केवल आज छ, भोलि छैन।

अनि अहिले आएर लाग्दछ कि मानिसले दैनिक रुपमा गर्ने भनिएका धार्मिक कार्यहरु, पूजापाठहरु, आफन्त बित्दा गर्ने दशगाती कर्महरु, हरेक बिहान तुलसीको मोठमा पानी तर्पण दिनेहरु, साँझ-बिहान धुपबाती गर्नेहरु एकादशी र पर्वमा व्रत बस्नेहरु सबै भगवान हुन् कि नहुन्, केही पाउनु र गुपाउनु छैन बरु यी सबै कर्महरु भगवान खुशी पार्नभन्दा पनि आफ्नै मन सफा र खुशी राख्न गरेका हुन्। तर, कतिपयले यस्ता कर्महरु स्वर्गमा पुग्नका लागि गरेको भनेरभन्दा मलाई कता-कता प्राप्तिको लागि मात्र बाँचेका, कसैलाई केही दिन नजान्ने खाली एकोहोरो लिन मात्र जान्ने आधुनिक जमानाका हामीहरु मानिस जस्ता प्राणीको सोच्ने शक्ति त्यही स्वर्ग र नर्कको कथा र कहानीको डरले भष्म बनाएको हो कि भन्ने लाग्छ।

# कोरोना : के हो, के होइन ?



रत्नबहादुर बस्नेत

विश्वव्यापीरुपमा फैलिरहेको कोरोना भाइरसको महामारी हाम्रो देशमा लकडाउन खुल्ला भई आवागमन बढेसँगै यसको संक्रमण दर तीव्र बन्दै गइरहेको छ। यस्तो अवस्थामा अझ गम्भीर बनेर स्वास्थ्य सुरक्षाका उपाय अबलम्बन गर्नुपर्नेमा आजभोलि यस नोबेल कोरोना भाइरस (कोभिड-१९)बारे विभिन्न हल्ला चल्न थालेको पाइन्छ। कतिपयले यसलाई केही होइन भन्ने गरेका छन् भने कतिपयले यसलाई खतरनाक तथा घातक मान्ने गरेको पाइन्छ। यसबाट सर्वसाधरणमा द्विविधा उत्पन्न हुने गरेको समेत देखिन्छ। अतः सबैले स्पष्ट भई सावधानी अपनाउन अत्यावश्यक छ।

विशेषज्ञहरुका अनुसार कोरोना सामान्य भाइरस नभई यो नयाँ प्रजातिको घातक तथा खतरनाक भाइरस भएको र यसले सामान्य रुघाखोकीदेखि मानिसको श्वासप्रश्वासमा जटिलता उत्पन्न गर्नुको साथै फोक्सोमा आक्रमण गरी निमोनिया गराएर मृत्युसम्म हुन सक्छ। तर, केही जान्ने बुझ्ने डाक्टर समेतले सामान्य हो, यो केही होइन, केही छदै छैन, कोरोना संक्रमणका कारण कसैको पनि मृत्यु भएकै छैन। कतिपयले कोरोनाको नाममा सरकारले अनावश्यक आतंक बढाएको, मास्क सेनीटाइजर लगायतको व्यापार बढाउने बहाना बनाएको जस्ता आरोप लगाउने गरेका वा तर्क गर्ने गरेका पनि छन्। आरोप लगाइएको पनि पाइन्छ। उनीहरुले स्वास्थ्य सुरक्षाको मापदण्डको पालना जरुरी नभएको भन्दै भ्रम छर्न खोजिएको पनि पाइन्छ। मापदण्ड पालनाको निर्देशन उल्लंघनको प्रयास गरेको समेत देखिन्छ।

आखिर सत्य के हो त ? गहनरुपमा बुझ्न जरुरी छ। यो विशेष प्रजातिको भाइरस भएको र यसले सामान्य रुघाखोकीदेखि गम्भीर जटिलता ल्याई व्यक्तिलाई मृत्युको मुखसम्म पुर्‍याउन सक्छ भन्ने प्रमाणित भइसकेको छ। आज विश्वव्यापी महामारीको रुप लिएको यसलाई भ्रमको पछि लागेर केही होइन भनी हल्कारुपले लिनु र लापरवाही गर्नु ठूलो भूल हुनेछ। यो कसैका लागि सामान्य चुनौति बन्न सक्छ भने एउटै परिवारमा पनि अर्काका लागि खतरनाक बन्न ज्यान जान सक्ने स्थिति सिर्जना हुन सक्छ भनेर विशेषज्ञहरुले औल्याएको तथ्य हाम्रोसामू छ। त्यसैले आफू र अरुका लागि सावधानीपूर्वक तोकिएका स्वास्थ्य सुरक्षाका उपाय अपनाउन अनिवार्य छ। यसले धनी-गरीब, बालक-बृद्ध केही



भन्दैन। बद्ध, दीर्घरोगी र रोग प्रतिरोधात्मक क्षमता कम भएका रोगसँग लड्ने शक्ति कमजोर भएका व्यक्तिका लागि जटिल वा गम्भीर रुप लिनसक्ने उच्च जोखिम रहन्छ। त्यसैले उनीहरुले विशेष सावधानी अपनाउन सचेत गराइएको हो।

करोना भाइरस केही होइन वा खतरनाक हो भनेर कसरी लिने भन्ने सम्बन्धमा अध्यात्ममा भनिएको एउटा प्रसङ्गबाट पनि बोध गर्न सहज होला। जसरी मानिसले ज्ञानका लागि यो सोच्नु पर्दछ कि म कहिले मर्दिन। अर्थात् हामी अमर छौं भन्ने विचार गरेर ज्ञान आर्जनमा लागिरहनुपर्छ। तर, व्यवहार गर्दा सबैले भोलि मर्नुपर्छ भन्ने सोचेर व्यवहार गर्ने हो भने कसैमा वैरभाव तथा अहंकार रहँदैन। ठीक त्यसरी नै कोरोना संक्रमणकाबाट बच्नका लागि सावधानीका लागि यसलाई खतरनाक ठानेर डर राख्नपर्छ। त्यसै पनि नीतिमा रोग, शत्रु, ऋण, बासना, आगो यिनलाई सानो ठान्नु हुँदैन, मौका पाउन साथ बढेर यिनले नाश गर्दछन् भनिएकै छ भने यसलाई जित्न, आत्मबल बढाउन यो केही होइन, जसलाई हराउने क्षमता आफूमा बढी भएको ठान्नुपर्छ। यसरी लिन सके दृष्टिकोण बनाइ राख्न सके यसबाट सतर्क रहेर जित्न सकिन्छ, सन्त्रासबाट मुक्त बन्न सकिन्छ। न त केवल डराएर कोरोना जितिन्छ न त असावधानीका साथ लापरवाही गरेर दुष्साहस प्रदर्शन गरेर नै।

नीति शास्त्रमा एउटा भनाइ छ- त्यसैदेखि डराउ, जो भगवानदेखि डराउँदैन। आजको महामारीको सन्दर्भमा भन्ने बेला आएको छ- हामीले त्यसैदेखि डराउँन पर्दछ जो कोरानादेखि डराउँदैन। अर्थात् जो स्वास्थ्य सुरक्षाका उपायलाई पालना गर्दैन, लापरबाहीपूर्वक व्यवहार गर्दछ। त्यस्तो व्यक्ति कोरोना संक्रमणको उच्च जोखिममा आफू मात्र पर्दैन, परिवार तथा समुदायलाई नै पार्दछ। त्यसैले स्वास्थ्यका मापदण्ड पालनामा कडाइ गरिनुपर्ने आवाज सबैतिर उठ्न थालेको छ।

कोरोना भाइरस सामान्य नभई यो एक नयाँ प्रजातिको भाइरस भएको यसले सामान्य रुघाखोकीदेखि यसले मानिसको श्वासप्रश्वास प्रणालीमा गम्भीर असर गर्नुको साथै फोक्सोमा आक्रमण गरेर अन्त्यमा निमोनिया गराई मानिसको मृत्यसम्म हुने गर्दछ। त्यसैले तर्क गरेर हल्कारुपले लिनु मूर्खता सिवाय केही होइन। स्वास्थ्य मापदण्डको उल्लंघन गर्ने विश्वका शक्तिशाली व्यक्तिले पनि अन्ततः स्वीकार गर्न बाध्य बनेको उदाहरणले यस तथ्यलाई प्रमाणित गरेको स्पष्ट छ।

यसको अहिलेसम्म कुनै पनि औषधि नभएकोले सतर्क रहनु नै यसको महौषधि हो, सावधानी नै कोरोना रोकथाम तथा नियन्त्रणको सर्वोत्तम उपाय हो। लापरवाही गर्नु यसलाई निम्ता दिनु हो र आजको सानो लापरवाही र असावधानीले भोलि महान् विपत्ति आउनसक्छ भन्ने बोध गर्नु अति जरुरी छ। यो एकै परिवारमा पनि एकका लागि सामान्य चुनौति बन्न सक्छ भने अर्काका लागि खतरनाक रुप लिनसक्ने भएकाले कोही पनि यो रोगको जोखिममुक्त छैनौं। जो कोहीमा पनि जोखिममा रहने वा हामी सबै रोगयुक्त छौं भन्ने सोचेर उच्च सावधानी अपनाउन जरुरी छ। जसमा माक्सको प्रयोग, भौतिक दूरी कायम गर्न र बारम्बार साबुनपानीले हात धुने वा सेनिटाइजर लगाउने कार्य निरन्तर गर्न सचेत गराइएको छ। जसको विकल्प नभएकाले कोरोना भाइरसको संक्रमण तथा विस्तारबाट बच्ने मूल मन्त्र मानिएको छ। विशेषज्ञहरुका अनुसार यी तीनको पालनाबाट यो रोग संक्रमणको जोखिमबाट ७० प्रतिशत कमी ल्याउन सकिन्छ।

कसैलाई पनि आफू असुरक्षित बनेर अरुलाई असुरक्षित पार्नु र अरुको स्वास्थ्यमाथि खेलवाड गर्ने अधिकार कसैलाई छैन। यसो गरेमा रोग संक्रमण ऐन अनुसार कारवाही हुने कुरा सरकारले बताइसकेकाले यसतर्फ सचेत बनेर यस महामारीबाट आफू बचेर अरुलाई बचाऔं भन्ने भावनालाई हरपल हरक्षण आत्मसाथ गर्न बिर्सनु हुँदैन। यसैमा हामी सबैको कल्याण छ। अतः कोरोना भाइरस केही होइन भन्नु अघि यो के हो भन्ने बोध गर्न सके कसैले पनि भ्रमको पछि लाग्नु वा द्विविधामा परिराख्नु पर्दैन।

# सिम्रिकद्वारा कर्मचारीलाई सहयोग



**बिर्तामोड, असोज २६।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले आफ्ना एक कर्मचारीलाई आर्थिक सहयोग गरेको छ भने उनका सन्तानलाई पठनपाठनमा सहयोग गरेको छ।

संस्थाको मेचीनगर सेवाकेन्द्र कार्यालय काँकरभिट्टामा विगत चार वर्षदेखि बजार प्रतिनिधिको रुपमा कार्यरत् मेचीनगर नगरपालिका वडा नं. ७ इँटाभट्टा निवासी सुकमति राजवंशीलाई आर्थिक सहयोग गरिएको हो। हेपाटाइटिस बी भएर उपचाररत् रहेकी बजार प्रतिनिधि राजवंशीको गत असोज १४ गते बिर्तामोडस्थित बीएण्डसी टिचिङ हस्पिटलमा उपचारको क्रममा निधन भएको थियो। असोज ११ गतेसम्म कार्यरत् उनी १२ गतेदेखि विरामी परेको भन्दै विदामा वसेको बताइएको छ।

आफ्ना कर्मचारीको निधन भएपछि संस्थाका अध्यक्ष कमलबहादुर वस्नेतको नेतृत्वमा संस्था सञ्चालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु र सेवाकेन्द्र प्रमुखहरुको टोलीले स्व.राजवंशीको घरमै पुगेर आर्थिक सहयोग गरेको हो। संस्थाले काजकिरिया खर्चवापत ३० हजार रुपैयाँ स्व.राजवंशीको परिवारलाई प्रदान गरेको थियो। स्व.राजवंशीको घरमा आयोजित श्रद्धाञ्जलि सभामा संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले काजकिरिया खर्चवापतको ३० हजार रुपैयाँ र समवेदना पत्र स्व.राजवंशीको परिवारलाई हस्तान्तरण गरेका थिए।

बजार प्रतिनिधि राजवंशीले घर बनाउने प्रयोजनका लागि संस्थाबाट १० लाख ४० हजार रुपैयाँ कर्जा लिएकोमा ११ हजार रुपैयाँ तिरेर १० लाख २९ हजार रुपैयाँ तिर्न बाँकी रहेको थियो। संस्थामा कार्यरत् रहेकै अवस्थामा बजार प्रतिनिधि राजवंशीको असामयिक निधन भएपछि संस्थाले राजवंशीले पाउने सुविधा र बचत समेत हिसाब मिलान गरी तिर्न बाँकी छ लाख २९ हजार पाँच सय रुपैयाँ कर्जा मिनाह गरेको संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले जानकारी दिए।

बजार प्रतिनिधि राजवंशीले धितो राखेर कर्जा लिएको र उक्त कर्जा नतिर्दा जुनसुकै संस्थामा धितो समेत लिलाम हुने प्रावधान भए पनि आफूहरुले पहिलो पटक कर्मचारीलाई ऋणको बोझ नहोस् भन्ने उद्देश्यले बजार प्रतिनिधि राजवंशीले लिएको धितोसहितको कर्जा मिनाह गरेको उनले बताए। जसरी राजवंशी परिवारमा सुकमतिको अभाव खड्किएको छ, त्यसरी नै सिम्रिक परिवारमा पनि उनको अभाव भएको छ, यो अपुरणीय क्षतिमा सबैको मन रोएको अध्यक्ष बस्नेतले बताए।

सुकमतिको नाममा संस्थाबाट लिइएको कर्जा अझै बाँकी रहने हो भने उनको आत्माले कहिल्यै शान्ति पाउँदैन, सधैंभरि ऋणमा डुबाएर मरी भन्ने टिप्पणी भइरहने हुनाले सिम्रिक साकोसले ऋणि सदस्यको नाममा रहेको उक्त रकम कर्जा मिनाह गरिदिएको उनले बताए। संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो कार्य गरेको बताउँदै उनले संस्थाका कर्मचारी भनेको संस्थाको मेरुदण्ड भएकाले कर्मचारीहरुको सुख-दुःखमा आफूहरुको सदैव साथ रहने बताए।

**आरुषीलाई पठनपाठनमा सहयोग**

त्यस्तै स्व.राजवंशीको एकमात्र छोरी आरुषी राजवंशी रहेको र उनको पठनपाठनका लागि सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले सहयोग गर्ने अध्यक्ष बस्नेतले जानकारी दिए। ७ वर्षीया आरुषी हाल स्थानीय झापा नेशनल बोर्डिङ स्कूलमा कक्षा एलकेजीमा अध्ययनरत् रहेको र उनको नियमित पठनपाठनको लागि संस्थाले तीन लाख रुपैयाँको मुद्दती खाता सञ्चालन गरी त्यसबाट प्राप्त ब्याज ३३ हजार रुपैयाँ वार्षिकरुपमा उपलब्ध गराउने उनले बताए।

त्यस्तै उनी १७ वर्षको भएपछि पठनपाठनको लागि तीन लाख रुपैयाँ फिर्ता गरिने र उच्च शिक्षाको लागि मासिक दुई हजार रुपैयाँको १५ वर्षे बचत खाता सञ्चालन गरी २३ वर्षको भएपछि एकमुष्ठ सात लाख २० हजार भुक्तानी गर्ने उनले बताए। आफूहरुले प्रदान गरेको रकमले आरुषीको पढाइमा सहयोग पुऱ्याउने बताउँदै उनले कर्मचारीको छोराछोरीले संस्थामा जागिर खान चाहे त्यो समेत उपलब्ध गराइने जानकारी दिए। कुनै पनि संस्थाले गर्ने प्रगति भनेको संस्थाको कर्मचारीको लगनशिलता भएकाले संस्थाले जहिले पनि कर्मचारीको हितमा कार्य गर्ने उनले बताए।

स्व.राजवंशीको घरमा आयोजित श्रद्धाञ्जलि सभामा संस्था सञ्चालक समितिका अध्यक्ष कमलबहादुर बस्नेत, सचिव सुवास भट्टराई, कोषाध्यक्ष हरिप्रसाद कडरिया, सदस्यहरु इनद्रबहादुर कार्की, प्रकाश भट्टराई, शशिकला मुखिया, चन्द्रकला सुवेदी, विभागीय प्रमुख प्रेम बस्नेत (विजय), मीनबहादुर अधिकारी, मेचीनगर सेवाकेन्द्र प्रमुख शान्तबहादुर बस्नेत लगायतले बजार प्रतिनिधि राजवंशीले संस्थामा पुऱ्याएको योगदानको प्रशंसा गरेका थिए।

कार्यक्रममा स्व.राजवंशीका श्रीमान् मनिकलाल राजवंशीले आफ्ना कर्मचारीहरुलाई सिम्रिक साकोसले परिवारकै सदस्य जस्तो व्यवहार गरेर श्रीमतीको निधनमा घरमै आएर समवेदना पत्रसहित काजकिरिया खर्च प्रदान गरेकोमा सिम्रिक साकोसको गुण कहिल्यै नबिर्सने बताए। उनले छोरीको पठनपाठनका लागि सिम्रिक साकोसले गरेको सहयोग अमूल्य रहेको बताए। संस्था सञ्चालक समितिका अध्यक्ष कमलबहादुर वस्नेतको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव सुवास भट्टराईले गरेका थिए।

# देवी-देवताका मूर्ति राखेर पूजास्थल नबनाउन आग्रह

**काँकरभिट्टा, असोज २६।** मेचीनगर नगरपालिकाले स्थायीरुपमा संरचना भएका मठमन्दिर, गुम्बा, मदरसा, मस्जिद र चर्च बाहेक अस्थायीरुपमा कुनै पनि देवी-देवताका मूर्ति राखी पूजा आराधना स्थल निर्माण नगर्न नगराउन सबैमा आग्रह गरेको छ।

कोरोना भाइरसको संक्रमण तीव्रगतिमा फैलिरहेको र मेचीनगर क्षेत्रमा समेत संक्रमितहरुको संख्या बढ्दै गएका कारण यसको संक्रमण र नियन्त्रणका लागि व्यक्तिगत सावधानी बाहेक संक्रमण नियन्त्रण गर्न अन्य स्थायी उपाय नदेखिएको भन्दै नगररपालिकाले सार्वजनिक सूचना जारी गर्दै नगरबासीमा यस्तो आग्रह गरेको हो।

नगर उपप्रमुख मीना पोखरेल उप्रेतीले हस्ताक्षर गरेको सूचनामा नगरभित्र लाग्ने सबै प्रकारका दैनिक हाटबजार, पशु हाट र चाडपर्वका अवसरमा आयोजना गरिने जात्रा, मेला सञ्चालन गर्न नगराउन, स्थायीरुपमा संरचना भएका मठमन्दिर, गुम्बा, मदरसा, मस्जिद र चर्चमा दैनिक पूजा-आराधना वा अन्य धार्मिक क्रियाकलापका लागि जिम्मेवार एकजना व्यक्ति बाहेक अन्यको प्रत्यक्ष सहभागिता हुन नदिन, भारत लगायत तेस्रो मुलुकबाट पीसीआर परीक्षण गरी होम क्वारेन्टिनमा बस्न अनुमति पाएका व्यक्तिहरु कम्तिमा एक हप्ता घर बाहिर ननिस्कन, कन्ट्याक ट्रेसिङ्गमा परी पीसीआरर परीक्षण गरिएका व्यक्ति पीसीआर रिपोर्ट आउञ्जेलसम्म होम क्वारेन्टिनमा अनिवार्य बस्न समेत उल्लेख गरिएको छ।

त्यसैगरी नेपालभित्रै स्थानीयस्तरमा छोटो यात्राभन्दा लामो यात्रा गरी घर फर्किएका परिवारका सदस्यहरु समेत कम्तिमा एक हप्ता परिवारका सदस्यहरसँग सामाजिक दूरी कायम गरी होम क्वारेन्टिनमा बस्न आवश्यक व्यवस्था मिलाउन, आवश्यक कामदेखि बाहेक घर बाहिर ननिस्कन, निस्किनुपर्ने अवस्था भए मास्क र सेनिटाइजरको प्रयोग अनिवार्य गरी आफैं सुरक्षित हुन, स्थायीरुपमा सञ्चालन हुने पसल तथा होटलहरुको सेवा लिँदा-दिँदा सामाजिक दूरी कायम गर्न, पसल सञ्चालकले मास्क र सेनिटाइजरको प्रयोग अनिवार्य गर्न/गराउन, उद्योगधन्दा सञ्चालन गर्दा कोभिड-१९ संक्रमण नियन्त्रणका लागि नेपाल सरकार र विश्व स्वास्थ्य संगठनले जारी गरेको मापदण्ड अनिवार्य पालना गर्न/गराउन र चाडपर्वका अवसरमा मान्यजनहरुबाट आशीर्वाद लिँदा-दिँदा बृद्धबृद्धा, सुत्केरी तथा बालबालिका कोभिड-१९ संक्रमणको जोखिममा पर्ने भएको हुँदा सामाजिक दूरी कायम गरी आशीर्वाद लिने दिने व्यवस्था मिलाएर चाडपर्व मनाउन समेत नगरपालिकाले सबैमा आग्रह गरेको छ।

# रेडक्रसद्वारा चार जनाले एकैसाथ हात धुने बेसन स्थापना




**काँकरभिट्टा, असोज २६।** नेपाल रेडक्रस सोसाइटी झापा शाखाले जिल्लाका विभिन्न स्थानमा अत्याधुनिक प्रविधिबाट एकपटकमा चार जनासम्मले हातधुन सक्ने व्यवस्था मिलाएको छ। सम्भवतः यस्तो प्रविधि जडान गरी यस्तो व्यवस्था मिलाइएको झापामै पहिलो भएको रेडक्रस झापाले जनाएको छ।


झापा शाखाले यूनसेफ, आइएमओ तथा अन्तर्राष्ट्रिय रेडक्रस लगायतका दातृ संस्थासँग मिलेर झापाको मेचीनगर र बिर्तामोड नगरपालिका तथा कचनकवल र झापा गाउँपालिकासहित मुख्यः राजमार्गसँग जोडिएका मानिसको आवत-जावत र भीडभाड बढी हुने स्थानमा पाँच सय लिटर पानीको ट्यांकीमा एकैसाथ चारवटा बेसन जडान गरेर यस्तो व्यवस्था मिलाएको नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले जानकारी दिए।

उनका अनुसार यो प्रविधिबाट एकैसाथमा चार जनासम्मले राम्ररी हात धुन सक्ने छन्। केटाकेटीलाई समेत हात धुन सजिलो होस् भन्ने हेतुले एउटा बेसन बालबालिकालाई लक्षित गरी राखिएको सभापति ढकालको भनाइ छ। हात र मुखमात्र सफा राख्न सके कोरोना भाइरसको संक्रमणबाट केही हदसम्म बच्न सकिने भएकाले सर्वसाधारणलाई हातमुख धुनुपर्छ भन्ने चेतना दिन र हातमुख धुने बानी बसाल्न पनि मानिसहरुको अलि बढी चहलपहल हुने स्थानमा यस्तो व्यवस्था मिलाइएको शाखाले जनाएको छ।

शाखाका अनुसार अहिले झापा शाखाले यूनसेफ, आइएमओ तथा अन्तर्राष्ट्रिय रेडक्रस लगायतका दातृ संस्थासँग मिलेर कोरोना भाइरस सम्बन्धी तीन वटा कार्यक्रम जिल्लाभर सञ्चालन गरिरहेको छ। यही अभियान अन्तर्गत मेचीनगरमा समेत जारी रहेको सभापति ढकालको भनाइ छ। पूर्वीनाका भएर कति मानिस प्रवेश गर्छन्, कति बाहिरिन्छन् तथा आगामी दिनमा कोरोना भाइरस जस्ता महामारी आए कसरी पूर्व तयारी गर्ने अहिले अनुसन्धान भइरहेको छ। यसका लागि अफ्रिकाबाट आएको विज्ञ टोली रेडक्रसकर्मीले रिसर्च गरिरहेको ढकालले जानकारी दिए।

मेचीनगर नगरपालिकाको वडा नं. ६ स्थित काँकरभिट्टा बसपार्कमा यस्तो व्यवस्था मिलाइएको छ। यहाँ राख्दा सर्वसाधारणदेखि टाढा-टाढा जाने यात्रुलाई समेत सजिलो हुने पूर्व मेची बस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठको छ। यसमा लाग्ने पानीको व्यवस्थापन स्थानीय पालिका तथा संघ-संस्थाले गर्नुपर्ने र आवश्यक साबुन लगायतका अन्य वस्तु नेपाल रेडक्रस सोसाइटी झापा शाखाले व्यवस्थापन गर्नेछ।

# भजन रेकर्ड गराएर स्टुडियोको उद्घाटन



**दूधे, असोज २६।** शिवसताक्षीमा अत्याधुनिक प्रविधियुक्त 'रिभव' रेकर्डिङ स्टुडियो सञ्चालनमा आएको छ। वडा नं. ११ स्थित दूधेका डिके लामाले आफ्नै स्टुडियोमा भजन रेकर्ड गराएर रिभव रेकर्डिङ स्टुडियो सञ्चालनमा ल्याएका हुन्।

नेपाल मानव धर्म सेवा सेवा समिति दमक आश्रमकी विदुषी मनोहरा बाईजीले हिन्दू संस्कार अनुसाद दीप प्रज्ज्वलन र पूजा-अर्चना गरेर स्टुडियोको उद्घाटन गरेकी थिइन्। स्टुडियोका सञ्चालक डिके लामाले पहिलो पटक शिवसताक्षीको दूधेमा खुलेको स्टुडियोले हरेक विधाका स्थानीय कलाकारले लाभ लिने बताउँदै स्थानीय सञ्चारकर्मीसँगको सहकार्यमा अनलाईन समाचार बुलेटिन समेत प्रशारण गरिने बताए।

सात लाख मूल्यको लागतमा स्थापना भएको रेकर्डिङ स्टुडियो शिवसताक्षीमा स्थापना भएपछि गीत रेकर्ड कै लागि शहर भौतारिनुपर्ने समस्या सकिएको छ। हाँस्य कलाकार मनोज गजुरेल, गायक टंक बुढाथोकी, निला थापा मगर र चलचित्रकर्मी सागर सुब्बाले राष्ट्रिय स्तरमा ख्याती कमाएका छन्। यस्तै शिव आङ्वो, भास्कर सिटौला, रोम मगर, डिके लामा, उषाकीरण मिश्र, स्थानीय स्तरका चर्चित गायक कलाकार हुन्।

स्टुडियोबाट अडियो रेकर्डिङ, मिक्सीङ, मास्टरिङ, एरेन्जिङ, भिडियो इडिटिङ लगायतको सुबिधा पाउने प्राविधिक रोनेट तामाङले बताएका छन्।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो. ९८१५९५२४९९
९८४१३२१४६४

**कर्मचारी आवश्यकता**

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता।
हेल्पर- २ जना डिस्वासरः २ जना
सम्पर्कः ९८१४०१५१०४, ०२३-५४५४५७

**जग्गा बिक्रीमा**

चन्द्रगढी लेखनाथ चोकबाट २.५ कि.मी. पश्चिम हल्दीबारीमा आवासीय घडेरीहरु ४.५ कठ्ठा टुक्रा पारेर दिन सकिने घडेरी बिक्रीमा।
सम्पर्कः ९८०८४९३७८२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।
सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

**डिलर तथा होलसेल आवश्यकता**

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो।
कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.
९८०१४२४०१३, ९८०१४२३६४३
अर्जुनधारा-०६, झापा

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**गमला चाहिएमा**

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।
सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५१

**पायल्स तथा हाडजोर्नी**

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक। पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग।
**बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी**
अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६, ९८०६०००३१३, ९८४२७१६५८८

**सेक्युरिटी गार्ड चाहियो**

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला।
भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस्।
उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आजको दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ। परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** नयाँ परिवेशमा पुगिए पनि नयाँ साथीभाइ भेटिनेछन्। प्रेमको बन्धन कसिनेछ। कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साथीभाइ र सहयोगीहरूले साथ दिनेछन्। पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** केही चुनौति अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुऱ्याउनेछ। इर्ष्या गर्नेहरू स्वयम्पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले काममा सफलता प्राप्त हुनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** रोग तथा शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ। प्रतिस्पर्धाको दौडमा समेत सजिलै जीत हासिल हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ। आफ्नै कमजोरीले लक्ष्यमा पुग्न नसकिएला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** राम्रो नतिजा हातपार्न काम दोहोऱ्याउनुपर्ला। अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ। प्रतिफल हात पार्न केही समय लाग्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अध्ययनका लागि आजको दिन त्यति उपलब्धिमूलक नभए पनि व्यावसायिक कर्मले गति लिनेछ। समस्या दर्शाउँदा शुभचिन्तकहरूले साथ दिनेछन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विशेष योजना तत्काल सार्वजनिक नगर्नुहोला। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रगतिमा इर्ष्या गर्नेहरूले पनि अवरोध पुऱ्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला।